किशोर बाल-बालिका संरक्षणको आवश्यक सुनुवाइ अधिकारहरू

नमस्कार।

आज तपाइँलाई यस अदालतमा उपस्थित गराउनको कारण तपाईले आफ़नो बाल बच्चालाई बेवास्ता गरिएको वा तपाईको घरमा असुरक्षित भएको आरोप लगाइएको कारणले हो। यदि तपाइँलाई लगाइएको यी आरोपहरू सत्य भेटियोमा I तपाईले आफ़नो सन्तान साथमा राख्नको लागी यस अदालतले दिइएको निर्देशित केही सर्तहरु पालना गर्न आवश्यक हुन सक्छ अथवा यस अदालतले तपाइँको बच्चालाई तपाइँको घरबाट हटाउने निर्णय पनि दिन सक्छ।

तपाईसँग यो सुनुवाइ र यस विषयमा यसपछिका सबै सुनुवाइहरूमा लागू हुने अधिकारहरू निम्न छन्।

तपाईलाई सबै सुनुवाइको समय र मितिको बारे जानकारी प्राप्त गर्ने अधिकार छ। तपाईं विरुद्ध लगाइएका कुनै पनि आरोपहरूको बारे सूचित गर्न र कुनै पनि अदालतको रेकर्ड र अनुसन्धान निष्कर्षहरूको लिखित प्रतिलिपि प्राप्त गर्ने अधिकार छ। यदि तपाईंले तिनीहरूलाई बुझ्नु भएको छैन भने कसैले ति कागजातहरूलाई व्याख्या गर्न सक्छ। यदि आवश्यक भएमा, तपाईंले कागजातहरू आफूलाई पढेर सुनाउन अनुरोध पनि गर्न सक्नु हुन्छ I

तपाईंमाथि लगाइएका आरोपहरूलाई तपाईंले स्वीकार गर्ने, वा आरोप अस्वीकार गर्ने वा मौन बस्ने तपाइँको अधिकारहरू हुन्न । यदि तपाईंले आफू माथी लगाइएको आरोपको बारेमा सोध्दा मौन बस्नू भयों भने , न्यायिक रेफरी वा न्यायाधीशले तपाईंको मौनतालाई आरोप अस्वीकारको रूपमा दर्ता गर्नु हुन्छ। साथ साथै न्यायाधीशले तपाईंको मुद्दालाई ट्रायल (trial) को प्रक्रियाको लागी अगाडि बढाउने छन्।

तपाईसँग तपाईंलाई लगाईको आरोपको बारेमा तपाईंले कुनै पनि बयान दिनु हुदा होस या कुनै पनि अदालतमा सोधियेको प्रश्नको जवाफ दिनु भन्दा अघि तपाईलाई कानुनी सल्लाह लिन होस्, वा गर्नको लागि वकील पाउने अधिकार छ।

तपाइँसँग सबै अदालतमा हुने सम्पूर्ण र हरेक अदालित्य कार्यवाहीमा वकील द्वारा प्रतिनिधित्व गर्ने अधिकार छ। यदि तपाईंले आफ़नो निजी वकील राख्नको लागी खर्च गर्न आर्थिक अवस्था छैन भने। यस अदालतले तपाईंलाई सार्वजनिक खर्चमा वकील नियुक्त गर्न सकिन्छ। यदि तपाईंको लागी अदालतले वकील नियुक्त गरि दिएको छ भने, तपाईंले यस राज्यलाई केही शुल्क़ वा खर्च तिर्न पर्ने हुन सक्छ ।

यदि यस अदालतको न्यायिक रेफरी वा न्यायाधीशले तपाईंको बच्चा पर्याप्त उमेरको भएको पाएमा साथ साथै अदालित्य कार्यवाहीमा वकीलसँग सर-सल्लाहलाई सहयोग गर्न सक्षम छ भनी पत्ता लगाएमा। यस अदालतको कारबाहीहरूमा तपाईंको बच्चाको लागि वकिल उपलब्ध गराउनु पर्छ। यदि दुई वा दुईभन्दा बढी पक्षको स्वार्थ बाझिएको खण्डमा प्रत्येकको लागि छुट्टा छुट्टै वकिल वा सल्लाहकार उपलब्ध गराउनु आवश्यक पर्न सक्छ ।

कुनै पनि व्यक्ति, जो तपाईंको विपक्षीयमा बयान दिनका लागी आएका छन्, भने त्यस व्यक्तिसंग तपाईंले आफनो प्रश्न सोध्ने अधिकार पाउनु भएको हुन्छ। तपाईंले आफ़नो पक्षमा अदालतमा जून सुकै व्यक्तिलाई बयान दिन बोलाउन सक्ने अधिकार पाउनु भएको हुन्छ।

तपाईं विरुद्ध लगाइएका आरोपहरू राज्यद्वारा स्पष्ट र प्रभावकारी प्रमाणहरूका साथ सत्य साबित गर्नु पर्द छ। तपाइँसँग तपाईं विरुद्ध लगाइएको कुनै पनि मुद्दा वा आरोपहरू अस्वीकार गर्ने अधिकार छ।

यदि तपाईंले पहिले नै आफू माथी लगाएको आरोपहरू अस्वीकार गर्नु भएको छ भने, तपाईंसँग आफ्नो अघिल्लो निर्णय कायम राख्ने अधिकार छ। तपाईंले राज्यलाई तपाईं माथी लगाएका ति आरोपहरूलाई प्रमाणित गराउन दिन सक्नु हुन्छ।

यस अदालतमा तपाईं बिरुद्ध पेश गरिएको मुद्दामा तपाईंले आफू दोषी हो भनी स्वीकार गर्ने अधिकारमा पनि पर्दछ। यदि तपाईंले दोष स्वीकार गर्नु भएमा ट्रायल (trial) हुने छैन। तपाईंले दोष स्वीकार गरे पछि, तपाईंले ट्रायल (trial) को अधिकार, साथ साथै तपाईंको विरुद्धमा गवाही दिने मानिसहरूसँग प्रश्न गर्ने अधिकारहरू पनि त्याग्नु हुन्छ। तपाईंले दोष स्वीकार गरे पछि, तपाईंले आफ्नो मौन बस्ने अधिकारलाई पनि छोड्नु हुन्छ र आरोपहरूको बारेमा न्यायाधीश वा राज्यका वकिलका प्रश्नहरूको जवाफ दिनु आवश्यक हुन्छ।

यदि न्यायाधीश वा न्यायिक रेफरीले बच्चा सुरक्षित छैन भनेर निर्धारण गरेमा, उनीहरूले निम्न मध्ये कुनै पनि कारबाही गर्ने निर्णय गर्न सक्छन्।

आमा-बाबु, अभिभावक वा अन्य जिम्मेवार वयस्क जो सक्षम र बच्चाको हिरासतमा लिन इच्छुक छन् न्यायाधीश वा न्यायिक रेफरीले बच्चालाई राखने अनुमति दिन सक्छन्। यदि त्यो व्यक्तिले भविष्यमा हुने सबै सुनुवाइमा बच्चालाई अदालतमा पेश गर्ने वाचा गर्छ भने।

अदालतले शेल्टर केयर (Shelter Care) बाट बच्चाको रिहाईको शर्तको लागि आवश्यकताको रूपमा सुरक्षा योजना सिर्जना, कार्यान्वयन, र अदालतमा पेश गर्न आदेश दिन सक्छ।

अदालतले आमाबाबु, अभिभावक, संरक्षक, र परिवारका अन्य सदस्यहरू लगायत बालबालिकाको परिवारको कुनै पनि सदस्यलाई घर छाड्न आदेश दिने अधिकार छ। यदि त्यहाँ कुनै घरको सदस्य, जस्तै अभिभावक, संरक्षक, वा परिवारको अन्य सदस्यले बच्चालाई यौन दुर्व्यवहार गरेका छन भने। अदालतले यदि बच्चाको सर्वोत्तम हितमा छ भने अभिभावक, आमाबाबु वा संरक्षकलाई पनि त्यस्ता पहिचान गरिएको व्यक्तिसँग कुनै पनि प्रकारको सम्पर्क नगर्न आदेश पनि दिन सक्छ।

तपाईंको बच्चालाई अदालतले तपाईंको घरबाट बाहिर हटाउने आदेश पनि दिन सक्छ।

तपाईंको बच्चालाई अदालतले तपाईंको घरबाट बाहिर निकाल्न आदेश पनि दिन सक्छ, र अदालतले डायरेक्टर ह्यूमन सर्विस जोन (Director Human Service Zone) वा अन्य सार्वजनिक निकायलाई तपाईंको बच्चाको हिरासत दिनको लागि छान्न पनि सक्छ। द ह्यूमन सर्विस जोन (The Human Service Zone) जसलाई तपाईंको लोकल सोशल सर्विस सेवा (local social services) हरूलाई नियमन गर्द छ।

न्यायाधीश वा न्यायिक रेफरीले बच्चालाई छोड्न वा अर्को राज्यमा राख्न सक्छन् । तर केवल इंटरस्टेट कांपैक्ट ऑन द प्लेसमेंट ऑफ़ चिल्ड्रेन (Interstate Compact on the Placement of Children) को सम्झौता अन्तर्गत अनुमति दिएमा मात्र राख्न सक्छन्। अदालतले आमाबाबु, अभिभावक वा अन्य संरक्षकहरूलाई पनि उपचारमा भाग लिन को लागी आदेश दिन सक्छ। यो सम्मानित अदालतका न्यायाधीश वा न्यायिक रेफरीले योग्य र इच्छुक बच्चाको नातेदार वा अन्य उपयुक्त वयस्कलाई बच्चाको कानुनी अभिभावकको रूपमा नियुक्त गर्न सक्छन्।

यदि तपाइँको अभिभावकीय अधिकार समाप्त भयो भने, तपाइँको बच्चालाई धर्मपुत्रको लागि राख्न सक्छन्, वा आफन्तसँग बस्नको लागि स्थानान्तरण गर्न सक्छन्, वा कानूनी अभिभावकत्व अन्तर्गत राख्न सक्छन्, वा अर्को कुनै अन्य दीर्घकालीन हेरचाह व्यवस्थामा राख्न सक्छन्। यदि तपाइँको अधिकार समाप्त भएको छ र तपाइँले उच्च अदालतमा पुनरावेदन गर्ने

प्रयासहरू असफल भएमा, तपाइँले तपाइँको बच्चा फिर्ता पाउन सक्षम हुनु हुने छैन। तपाईं बच्चालाई समावेश गर्ने अदालत प्रक्रियाहरूको जस्तै अभिभावक वा धर्मपुत्र जस्ता कार्यवाहीको सूचना प्राप्त गर्न योग्य हुनु हुने छैन। तपाईसँग तपाईको मुद्दामा अदालतले दिएको फैसला पुनरावेदन गर्ने अधिकार छ।

यदि बच्चा वा आमाबाबु मध्ये एक अमेरिकन इंडियन (American Indian) हो र अदालतले अमेरिकन इंडियन अभिभावक वा बच्चाको संरक्षक हिरासतमा रहेको अभिभावकलाई अस्वीकार गर्ने निर्णय गर्न सक्छ वा इण्डियन चाइल्ड वेलफेयर एक्ट (Indian Child Welfare Act) अनुसार, तपाईं अतिरिक्त अधिकारको हकदार हुने संभावनामा पर्न सक्नु हुन्छ। यदि माथि उल्लेखित कुराहरु तपाइँमा लागू हुन्छ भने, तपाइँको वकिल, वा न्यायिक रेफरी, वा न्यायाधीशलाई तुरुन्तै सूचित गर्नु होस्, र उनीहरूले तपाइँलाई यी अधिकारहरूको बारेमा थप जानकारी प्रदान गर्ने छन्।

यो महत्त्वपूर्ण छ कि अदालतले तपाईंसँग सम्पर्क राख्न सक्षम हुनु पर्छ। यदि तपाईं र अदालत बीचमा सञ्चारको समस्या भयो भने, तपाईंले सुनुवाइ छुटाउनु सम्भावना हुन्छ। जसको कारणले तपाईं को सुनुवाएँमा यसले गम्भीर र दीर्घकालीन परिणामहरू निम्त्याउन सक्छ; तसर्थ, अदालत तपाईंसम्म पुग्न सक्षम हुनु पर्छ। यदि तपाईंले आफ्नो ठेगाना वा फोन नम्बरमा कुनै पनि परिवर्तन भएमा अदालतमा तुरुन्तै सम्पर्क गरेर परिवर्तन गरेको सूचित गर्नु पर्छ।

तपाइँलाई न्यायाधीश वा न्यायिक रेफरी द्वारा प्रश्न गरिनेछ की यी माथी व्याख्या गरेको अधिकारहरू तपाईंले बुज्नू भयो भनेर। यदि तपाइँसँग तपाइँको अधिकार सम्बन्धी कुनै प्रश्नहरू छन् भने सुनुवाई अघि तपाइँको वकिललाई सोध्नु होस्, वा सुनुवाईको क्रममा न्यायाधीश वा न्यायिक रेफरीलाई सोध्न सक्नू हुन्छ। तपाईंको मुद्दा व्यक्तिगत रूपमा जुवेनाइल प्रोसीडिंग्स (Juvenile proceedings) हरूमा सुनिने छ, जुन निजी सुनुवाई अन्तर्गत पर्छ। यस अदालतमा जुवेनाइल प्रोसीडिंग्सहरू (Juvenile proceedings) सर्वसाधारणले भाग लिन पाउदैन, तदर्थ तपाईंको मुद्दाको सुनुवाई गोप्य र व्यक्तिगत रूपमा बोलाइने छ।